## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०९/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु लक्ष्मण अर्याल, पबन कुमार अर्याल, नारायण बहादुर यादव, राजेश हरिजन, अमरीश यादव, गुलाव यादव र बिनोद बाबु तिवारी मु.नं ०८०-CR-००२०) फैसला मिति २०८१/०२/०३ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **जिल्ला रुपन्देही, मर्चवारी गाँउपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी लक्ष्मण अर्यालको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिको कसुर गरेको स-प्रमाण पुष्टी भएकोले निज प्रतिवादी लक्ष्मण अर्याललाई सोही रकम रु.१३,४५,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (च) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी उक्त रकम निजले रिसवत लिईसकेको खुलेकोले उक्त रिसवत रकम समेत निजबाट जफत हुन मागदावी लिईएको देखिन्छ।<br>• **जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिका वडा नं. ४ का वडा सचिव वडा सचिव प्रतिवादी गुलाव यादबको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुर गरेको सप्रमाण पुष्टी भएको देखिएकोले निज गुलाव यादबलाई सोही रकम रु.२,००,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन मागदावी लिईएको देखिन्छ।<br>• **साविकमा एनएमबि बैंक, कलंकी शाखामामा कार्यरत हाल बैंक अफ काठमाडौं, भैरहवा रुपन्देहीमा कार्यरत प्रतिवादी पवन कुमार अर्यालको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) को कसुरको बिगो रु.१३,४५,०००।- बराबरको लाभ वा सुबिधा उपलब्ध गराई दिने र आफूले लिने किसिमको मतियार भै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज पवन कुमार अर्याललाई रु.१३,४५,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा २२ र उक्त दफाको प्रतिबन्धात्मक वाक्यांश बमोजिम घुस रिसवत लिनेदिने कार्यमा मूल कसुरदार लक्ष्मण अर्याललाई हुने सजाय सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान, आशंका र अन्दाजको भरमा लिइएको अभियोग दाबीबाट अभियुक्तलाई कसूरदार ठहऱ्याई सजाय दिनु फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत भएको देखिएको।<br>• प्रतिवादीहरुको कसूरमा इन्कार रही गरेको वयानलाई समर्थित हुने गरी निजका प्रतिवादीहरुले अदालत समक्ष बकपत्र गरेको देखिएको<br>• घुस रिसवत संकलन भएको भनिएको खातावाला व्यक्ति करुणा शर्मालाई नै आरोप दाबी नलिइ प्रारम्भिक कडी नै टुटाई अभियोजन दायर भएको तथा वादीको प्रमुख कडीको रुपमा रहेको साक्षी करुणा शर्मालाई बकपत्रको लागि उपस्थित गराउन सकेको नदेखिएको। | • जिल्ला रुपन्देही, मर्चवारी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले अवैध कमिशन जम्मा गराउनका लागि करुणा शर्माको नाममा एनएमबि बैंकमा खाता खोली रकम जम्मा गर्न लगाई विकास निर्माणका योजना र कार्यक्रमबाट लाखौं भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजुरीका आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रतिवादी लक्ष्मण अर्याल जिल्ला रुपन्देही, मर्चवारी गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृतको पदमा कार्यरत देखिन्छ भने करुणा अर्याल निज प्रतिवादी लक्ष्मण अर्यालको आफ्नै छोरा पवन कुमार अर्यालको साथी अभिषेक त्रितालको दिदी नाता पर्ने ब्यक्ति रहेको र निज करुणा अर्याल उक्त पालिकाको कुनै कर्मचारी नभई निज लक्ष्मण अर्यालको मिलेमतोकोम मानिस रहेको तथ्य स्थापित भएको छ। **निज करुणा शर्मले अनुसन्धानको क्रममा बयान गर्दा** म जापानमा रोजगारी गर्ने भएकोले नेपालमा कमै बस्छु। मैले NMB बैंकमा शेयर प्रयोजनको लागि भाइ अभिषेक मार्फत उसको साथी भान्जा भनिने पवन कुमार अर्याल त्यही बैंकमा काम गर्ने कर्मचारी भएकाले खाता खोलिदिन अनुरोध गरी कागजपत्र दिएको हो। खाता खोल्न चाहिने आवश्यक फर्महरु उसैले उपलब्ध गराएको हो। फर्म भाइले भरी मैले दस्तखत गरी उसलाई दिएको हो। फर्म लगि खाता खोलि चेक समेत उसैले ल्याईदिएको हो। उक्त चेक बुक भाइलाई दिएको थियो। केहीदिन पछि भाञ्जाले दिदिको हस्ताक्षर मात्र भएको खाली चेक अगाडि र पछाडि सहि गरी एक थान ल्याईदेउ भनि भाइलाई भनेको कुरा भाइले मलाई भन्यो। मैले सहजै बैठक कोठाको टिभी अगाडि एउटा चेकमा अगाडि पछाडि सहि गरेको हो। सहि गरेको खाली चेक मैले मेरो भाइ अभिषेकलाई दिएको हुँ। त्यसको केही दिनपछि पहिलाको जस्तै गरि दुई थान चेक सही गरि भाइ अभिषेक मार्फत भान्जा भन्ने पवन कुमार अर्यालले मागेको रहेछ। अनि मैले केही नसोधि त्यसैगरि पुनः दुई थान चेक दिएको हुँ। उक्त खातामा भाइ अभिषेकले शेयरको IPO भर्नको निमित्त थोरै रकम एकपटक रु.५,०००।- रु.२,०००।- र रु.१,०००।- ट्रान्सफर गरिदिएको बाहेक मैले कुनै रकम Deposit/Withdraw गरेको छैन। म खाता खोल्ने समयमा जापानबाट छोरी लिई आमा बुवासँग छोड्न नेपालमा आएको थिएँ । उक्त खातामा मैले कुनै कारोवार गरेकी छैन। मेरो खातामा नारायण बहादुर यादबले रु.४,००,०००।-, राजकुमार यादबले रु.१,००,०००।-, सम्बृद्ध नेपाल अफिसले रु.८५,०००।,अ अमरेश यादबले रु.२,००,०००।-, गुलाब यादबले रु.२,००,०००।-, र राजेश हरिजनले रु.३,६०,०००।- रकम जम्मा गरेको बिषयमा मलाई केही जानकारी छैन निजहरु कुनैपनि व्यक्तिलाई मैले चिनेको छैन। मेरो सहि भएको खाली चेक लिएको कारण भाञ्जा भनिने भाइ अभिषेकको साथी पवन अर्यालले दुरुपयोग गरी Deposit गर्न लगाएको हुनुपर्छ। मैलें बाँकी चेक बुकमा समेत सही गरी भाइलाई छोडेकी थिएँ। चेकमा भएको दस्तखत मेरो हो तर चेकमा लेखिएका अन्य अक्षर र अंक मेरा होइनन। मैले दिएको खाली चेक प्रयोग भएको रहेछ। मेरो खाता प्रयोग गरि रकम राखे र झिक्ने गरेको रहेछ। मैले रकम Deposit नगरेको हुँदा उक्त रकमको स्रोत खुलाउनु परेन। यसमा मुख्य रुपमा भाञ्जा भनिने पवन अर्याल नै मुख्य जिम्मेवार रहेको हुनुपर्छ। यस बिषयमा कस कसको संलग्नता छ मलाई जानकारी छैन। प्रतिवादी लक्ष्मण अर्यालको छोरा पवन अर्यालले मेरो भाइ अभिषेकलाई प्रयोग गरी मेरो नामको बैंक खाता मार्फत भ्रष्टाचारजन्य काम कारवाही गरेको भएमा निजहरु नै कारवाही हुनु पर्छ भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिदा निज करुणा अर्यालको NMB बैंकमाको खातामा Deposit भएको रकम प्रतिवादी लक्ष्मण अर्यालले भ्रष्टाचारजन्य कसूरवाट प्राप्त गरेको रकम हो भन्ने तथ्य निर्वादरुपमा पुष्टी भई रहेको अवस्थामा उक्त तथ्य प्रमाणको विश्लेषण नगरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को उपदफा (१) को देहाय खण्ड (च) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना गरी रिसवत लिएको रकम रु.१३,४५,०००।- समेत जफत हुन मागदावी लिईएको देखिन्छ।<br>• **जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिका वडा नं. ३, का तत्कालीन वडा अध्यक्ष प्रतिवादी नारायण बहादुर यादबको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुर गरेको सप्रमाण पुष्टी भएको देखिएकोले निज नारायण बहादुर यादवलाई सोही रकम रु.५,००,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदावी लिईएको देखिन्छ।<br>• **सम्बृद्द नेपाल ईनर्जीका प्रोपाईटर प्रतिवादी विनोद बाबु तिवारीको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुर गरेको सप्रमाण पुष्टी भएकोले सम्बृद्द नेपाल ईनर्जीका प्रोपाईटर विनोद बाबु तिवारीलाई सोही रकम रु.८५,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदावी लिईएको देखिन्छ।<br>• **जिल्ला रुपन्देही, मर्चवारी गाउँपालिकाका तत्कालीन कार्यपालिका सदस्य प्रतिवादी राजेश हरिजनको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुर गरेको सप्रमाण पुष्टी भएको देखिएकोले निज राजेश हरिजनलाई सोही रकम रु.३,६०,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन मागदावी लिईएको देखिन्छ।<br>• **मानसरोवर टेक्निकल ट्रेनिङ ईन्स्टिच्युटका प्रोपाईटर प्रतिवादी अमरीश यादबको हकमाः-** निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिको कसुर गरेको सप्रमाण पुष्टी भएकोले मानसरोवर टेक्निकल ट्रेनिङ इन्स्टिच्युटका प्रोपाईटर अमरीश यादवलाई सोही रकम रु.२,००,०००।- बिगो कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिको कैद र ऐ. ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम | | • यि प्रतिवादी लक्ष्मण अर्याल कार्यरत रहेको जिल्ला रुपन्देही मर्चवारी गाँउपालिका, गाँउ कार्यपालिका कार्यालय, रायपुर, रुपन्देहीको पत्र संख्या २०७९/०८०चलानी नं.२०४८ मिति २०८०।०२।२४ को पत्रसाथ प्राप्त कागज हेर्दा उक्त गाँउपालिकाबाट आर्थिक बर्ष २०७७।०७८ मा मर्चवारी गाँउपालिकाले वडा नं. १ देखि वडा नं. ७ सम्मका सबै वडाहरुमा सञ्चालित कार्यक्रमहरुको नाम, बिनियोजित बजेट, स्वीकृत लागत अनुमान, कार्यरम्भ मिति, कार्यसम्पन्न मिति, भुक्तानी भएको रकम सहितको विकास योजनाहरुको वडागत खर्चको बिबरणहरुको बिश्लेषणबाट समेत मर्चवारी गाउँपालिकाबाट वडानं. ३ मा १५ वटा बिभिन्न योजनाहरुका लागि रु.१,१२,५०,०००।-(रुपैंया एक करोड बाह्र लाख पचास हजार) बिनियोजन भई गाउँपालिकाबाट रु. १,०३,४१,९६३।-(रुपैंया एक करोड तीन लाख एकचालीस हजार नौ सय त्रीसठ्ठी) भुक्तानी भएको, वडा नं. ४ मा १९ वटा बिभिन्न योजनाहरुका लागि रु.,८२,३३,०२३।- (रुपैंया बयासी लाख तेत्तीस हजार तेईस) बिनियोजन भई गाउँपालिकाबाट रु. ७९,०४,०१५।- (रुपैंया उनानअसी लाख चार हजार पन्ध्र) भुक्तानी भएको र वडा नं. ६ मा १६ वटा बिभिन्न योजनाहरुका लागि रु.१,२२,७०,०००।-(रुपैंया एक करोड बाईस लाख सत्तरी हजार) बिनियोजन भई गाउँपालिकाबाट रु. १,१४,४८,८७५।- (रुपैंया एक करोड चौध लाख अठचालीस हजार आठ सय पचहत्तर) भुक्तानी भएको देखिदा प्रतिवादी नारायाण बहादुर यादब वडा अध्यक्ष रहेको वडा न. ३ का १५ वटा योजना र वडा नं ४ का १९ वटा योजना को कमिशन वापतको रकम निज करुणा शर्माको खातामा वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष प्रतिवादी नारायण बहादुर यादबले रु.४,००,०००।-, राजकुमार यादबले रु.१,००,०००।-, **सम्बृद्ध नेपाल ईनर्जी प्रा.लि.**का डाईरेक्टर बिनोद बाबु तिवारीले सम्बृद्द नेपाल अफिसले नामवाट रु.८५,०००।, **मानसरोवर टेक्निकल ट्रेनिङ इन्स्टिच्युटका प्रोपाईटर अमरीश यादवले** रु.२,००,०००।-, वडा नं. ४ का वडा सचिव गुलाब यादबले रु.२,००,०००।-, र मर्चवारी गाउँपालिकाका तत्कालीन कार्यपालिका सदस्य राजेश हरिजनले रु.३,६०,०००।— रकम प्रतिवादी लक्ष्मण अर्यालको लागी कमिशन बापतको रकम जम्मा गरेको तथ्य स्थापित भई रहेको अवस्था देखिदा देखिदै सो तथ्यको नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुँदा बदर भागी छ।<br>• निज करुणा अर्यालको उक्त NMB बैंकमा रहेको खातामा जिल्ला रुपन्देही मर्चवारी गाँउपालिका वडा नं ३ का वडाअध्यक्ष नारायण बहादुर यादबले रु.५,००,०००।— जम्मा भएको देखिन्छ सो सम्वन्धमा निज **वडा अध्यक्ष नारायण बहादुर यादब**ले बयान गर्दा मेरो ट्रक मिति २०७७।११।१० गते धादिङ जिल्लाको मलेखुमा दुर्घटना भएका बखत पैसाको आवश्यकता परी प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालसंग सापटी मागी पाँच लाख पचास हजार रुपैंया चलाएको र ४/५ महिना पछी पैसा जम्मा भएकोले लक्ष्मण अर्यालले उपलब्ध गराएको सापटीको रकम करुणा शर्माको खातामा बैंक भौचर मार्फत मिति २०७८।०३। २९ र ३० गते **रु. ५,००,०००।- (रुपैंया पाँच लाख)** फिर्ता गरेको हुँ भन्ने समेत ब्यहोरा उल्लेख गरेतापनि प्रतिवादी लक्ष्मण अर्यालले बयान गर्दा निजलाई सापटी दिएको र फिर्ता लिएको बिषयमा ईन्कार भई बयान गरेको देखिएबाट निज वडा अध्यक्ष नारायण बहादुर यादबको बयान आफैमा खण्डित भएको देखिनुको साथै निज प्रतिवादी लक्ष्मण अर्याल र नारायण बहादुर यादबको विचमा भएको भनिएको सापटी लेनदेन कुनै पनि सबुत प्रमाणबाट पुष्टी सकेको देखिदा निज प्रतिवादी द्धयको बयानबाटै निज करुणा अर्यालको खातामा जम्मा भएको रकम प्रतिवादी लक्ष्मण अर्याल र नारायण बहादुर थापा विचको घुस\रिसवत वापतको भन्ने पुष्टी भई रहेको अवस्थामा उक्त प्रत्यक्ष एवं परिस्थितिजन्य प्रमाणहरुको विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले तेस्रो व्यक्तिको बैंक खाता प्रयोग गरी आफ्नो ओहदाको कार्य सम्पादन गर्दा मर्चवारी गाउँपालिकाबाट आर्थिक बर्ष २०७७।०७८ मा सम्पन्न भएका वडा नं. ३ मा गरिएका बिकास निर्माणका कार्यहरुबाट वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जरिवाना हुन मागदावी लिईएको देखिन्छ।<br>**<u>फैसलाहरु</u>**<br>• विशेष अदालत, काठमाण्डौबाट उपर्युक्त प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई हुने ठहर गरी फैसला भएको देखिन्छ। | | नारायण बहादुर यादबसँग रु.५,००,०००।-, सौर्य उर्जा प्रबिधि जडानको सामान आपूर्तिकर्ता सम्बृद्ध नेपाल ईनर्जी प्रा.ली. का नाममा गोश्वरा भौचर खडा गरी मिति२०७८।०३।३१ गते काटिएको चेक रकम रु.२,९३,३४९।- भुक्तानी लिएको र भुक्तानी प्राप्त गरिसकेपछी मिति२०७८।०४।१३ मा IPS मार्फत Transfer गरेको रु.८५,०००।- वडा नं. ६ र वडा नं. ७ का वडाहरुमा गरिएका बिकास निर्माणका कार्यहरुबाट वडा सचिव गुलाब यादबसँग रु. २,००,०००।-, वडा नं. ६ मा गरिएका बिकास निर्माणका कार्यहरुबाट कार्यपालिका सदस्य राजेश हरिजनसँग रु.३,६०,०००।- र मर्चवारी गाउँपालिकाबाट सामाजिक विकास तर्फको सीपमूलक तालिमहरु सिलाई कटाई तालिम प्रदान गर्ने मानसरोवर टेक्निकल ट्रेनिङ इन्ष्टिच्युटका प्रोपाईटर अमरीश यादवबाट रु.४,७२,५०५।- भुक्तानी प्राप्त गरिसकेपछी अमरीश यादबसँग रु.२,००,०००।- समेत गरी लक्ष्मण अर्यालले करुणा शर्माको बैंक खाता प्रयोग गरी जम्मा रकम रु.१३,४५,०००।-, रिसवत/कमिशन लिएको बैंक खाताबाट स-प्रमाण पुष्टी भएको अवस्थामा उक्त गैरकानूनी कार्यमा संलग्न प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण छ।<br>• प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको बयान हेर्दा रकम जम्मा गरिदिने मर्चवारी गाउँपालिकासँग सरोकार राख्ने कर्मचारी, जनप्रतिनिधी एवम तालिम कार्यक्रम सञ्चालक, शौर्य उर्जा प्रबिधिको सामान आपूर्ति गर्ने आपूर्तिकर्ता तथा रकम प्राप्त गर्ने सोही गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्याल र रकम डिपोजिट/विथड्को निमित्त प्रयोग गरिएको बैङ्क खाता प्रयोग भएको व्यक्ति समेतको बयान एक आपसमा कोही कसैसँग पनि मेल नखाएको, गाउँपालिकाबाट भएका आर्थिक कारोवारहरुबाट आर्थिक बर्षको अन्त्यमा नै बैंक भौचर मार्फत उक्त खातामा रकम जम्मा गरिदिएको हुँदा मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले पालिकासँग सरोकार राख्ने पक्षसँग घुमाउरो मार्गको प्रयोग गरी तेस्रो व्यक्ति करुणा शर्माको खाता मार्फत कमिशन/रिसवतको रकम माग गरी डिपोजिट गर्न लगाएको सबै रकमहरु कूल **रु. १३,४५,०००।– (रुपैंया तेह लाख पैंतालिस हजार)** मध्ये करुणा शर्माको चेकबाट नै प्रतिवादी लक्ष्मण अर्यालले आफ्नो छोरा मार्फत आफ्नै खातामा राखिएको रु. ३,००,०००।– (रुपैंया तीन लाख) र सोही प्रकृयाबाट छोराले आफ्नै खातामा राखेको रु.१०,४५,०००।– (रुपैंया दश लाख पैंतालिस हजार) रकम करुणा शर्माको खातामा डिपोजिट गरिएको छ दिन भित्रै उक्त सम्पूर्ण रकम निकालेर बाबु छोराको खातामा जम्मा गरेको तथ्य मिशिल संलग्न बैंकबाट प्राप्त प्रमाण कागजहरुबाट स्पष्ट रुपमा खुलेको अबस्थाबाट मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले आर्थिक बर्षको अन्त्यमा सरकारी रकम भुक्तानी दिंदा गाउँपालिकासँग सरोकार राखी आर्थिक कारोवार गरेका स्वार्थ समूहबाट रिसवत/कमिशन लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको तथ्य स्थापित भई रहेको अवस्थामा सो प्रमाणको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रतिवादीहरुले कसूरबाट उन्मुक्ती पाउने अभिलासाले अनुसन्धानको क्रममा तथा अदालत समक्ष वयान गर्दा आरोपित कसूरमा इन्कार रही विभिन्न बहाना बनाई सापटी स्वरुप प्रतिवादी लक्ष्मण अर्यावाट लिएको रकम फिर्ता गरेको भनि वयान गरेता पनि सो तथ्य बस्तुगत विश्वासनिय प्रमाणबाट पुष्टि हुन सकेको छैन। करुणा शर्माको खातामा रकम जम्मा गर्ने यि प्रतिवादीहरुले लक्ष्मण अर्यालबाट प्राप्त सापटी वापतको रकम फिर्ता गरेको हो भनेता पनि सो अनुसार ब्यक्तिगत लेनदेन कारोवार गरेको कुनै लिखित प्रमाण पेश गर्न सकेको देखिदैन। घुस रिसवत मुद्दा प्रतिवादी कायम गरिएका यि प्रतिवादीले आफ्नै पक्षमा बोलीदिनको लागि राखिएका साक्षीले प्रतिवादीहरुको इन्कार वयानलाई समर्थित हुने गरी बकपत्र गर्नु कुनै बस्तुगत प्रमाण होइन। प्रतिवादीहरुले अदालत समक्ष गरेको बयान नै एक आपसमा बाझिनुको साथै मेल नखाएको अवस्था देखिन्छ। प्रतिवादीहरुको एकआपसमा भएको कार्यालयको कामको शिलसिलामा ब्यावसायिक सम्वन्ध देखिनु, सापटी लगायतको ब्यक्तिगत लेनदेन कारोवार रहेको तथ्य लिखत प्रमाणबाट पुष्टी नहुनु, प्रतिवादी लक्ष्मण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अर्यालको छोरा प्रतिवादी पबन कुमार अर्याल मार्फत निजको साथी अभिषेक त्रितालको दिदी नाता पर्ने करुणा अर्यालको नाममा खाता खोली सो खातामा कमिशनवापतको रकम जम्मा गरि गराई  सोही रकम पुनः प्रमुख प्रशासकीय अधिकृत यि प्रतिवादी लक्ष्मण अर्यालको खातामा जम्मा गरेको देखिदा यसरी भ्रष्टाचारजन्य कसूरबाट वच्ने उदेश्यले पुर्व सोचविचार गरि घुमाउरो मार्गको प्रयोग गरी तेस्रो व्यक्ति करुणा शर्माको खाता मार्फत कमिशन/रिसवतको रकम माग गरी डिपोजिट गर्न लगाएको रकम डिपोजिट गरिए लगतै निकालेर बाबु छोरा प्रतिवादी लक्ष्मण अर्याल र प्रतिवादी पवन कुमार अर्यालको खातामा जम्मा गरेको तथ्य निज करुणा शर्मा समेतको बयान, अभिषेक त्रितालको वकपत्र समेतवाट पुष्टि भई रहेको अवस्थामा उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी भएको फैसला गर्नु पर्नेमा सोको नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला नेपाल सरकार विरुद्ध रमेश कुमार तामाङ भएको भ्रष्टाचार(घुस/रिसवत) मुद्दा ( मु.नं.०७३-CR-११८२) मा “आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिने राष्ट्रसेवकलाई कसुरको मात्रा अनुसार सजाय हुने” भनि प्रतिपादित सिद्धान्त समेतको विपरित रहेकोले उक्त फैसला बदर भागी छ।<br>• **अतः** माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न बैंक भौचर, बैंक स्टेटमेन्ट, बैङ्किङ कारोवार भएका चेकबुकहरुको प्रतिलिपि, डिपोजिट गरेको र रकम निकालिएको मिति लगायतका प्रमाणहरु प्रतिवादीहरुको बयान, बुझिएका मानिस करुण शर्मा, अभिषेक त्रिताल समेतको बयान एवं बकपत्र समेतका प्रमाण कागजहरुको आधारमा प्रतिवादीहरु लक्ष्मण अर्याल, पवन कुमार अर्याल, नारायण बहादुर यादव, राजेश हरिजन, अमरीश यादव, गुलाव यादव र बिनोद बाबु तिवारीलाई आरोप मागदावी बमोजिम सजाय गर्नुपर्नेमा उक्त प्रमाणको समुचित मुल्यांकन विश्लेषण नगरि निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी प्रतिबादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध गरिन्छ। |